# मिति २०७९।२।९ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१:** नेपालगन्ज उप–महानगरपालिकाको चालू आ.व. २०७८।७९ मिति २०७९।२।८ गते देखि नव निर्वाचित नगर प्रमुख उप-प्रमुख लगायत जनप्रतिनिधिहरु आइसक्नु भएको र यस पालिकाको सबै महाशाखा/शाखाहरुबाट हाल सम्पादित कार्यहरु, सम्पन्न भइसकेका योजना /कार्यक्रमहरु सम्पन्न हुन बाकी योजना तथा कार्यक्रमहरु र खर्च गर्न बाँकी रहेको रकम खुल्ने विवरण तयार गरी अर्को कार्यपालिकाको बैठकमा पेश गने निर्णय गरियो ।

**निर्णय नं.२:** यस नेपालगञ्ज उपमहानगरपालिका अन्तरगत समाजिक सुरक्षा भत्ता वितरण कार्यलाई अझै सहज बनाउन सम्बन्धित वडालाई पायक पर्ने गरी बैंक सग सहकार्य गरी स्थानीय बैंकलाई जिम्मा दिने र सम्वन्धित बैंक र वडाको समन्वय र सहयोजमा घुम्ती सेवा मार्फत वडाबाटै समाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** भेरी अस्पताल बाँकेको कम्पाउन्ड भित्र रहेको रसोई घरलाई उक्त अस्पतालमा आउने विरामी र कुरुवालाई खाना खुवाउने प्रयोजनका लागि यस नेपालगज उप-महानगरपालिका बाट मासिक रु. ५००००।- दिदै आएकोमा आगामी आ.व.२०७९।८० देखि रु.५०,०००।- थप गरी मासिक रु. १००,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.४ :** यस नगरपालिका अन्तरगत "ग" र "घ" वर्गका अर्थात पहेलो कार्ड र सेतो कार्ड प्राप्त अपाङ्गता भएका व्यक्तिहरुको विवरण एकिन गरी नगरबाट के कस्तो सहयोग गर्न सकिन्छ सो सम्बन्धमा अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** नगर क्षेत्र भित्र रहेका ठुला साना तथा पुराना वस्ती क्षेत्रहरुमा रहेका नालाहरु सम्वन्धित वडाहरुको सहयोग र समन्वयमा र सफा गर्ने । नगर बासी सबै जनता/व्यवसायीहरुले आ-आफ्नो घरबाट निस्कने फोहोरको वर्गीकरण गरी छुट्टायाएर अलग अलग राखी नगरबाट खटिने सरसफाई कर्मीहरु लाई उपलब्ध गराउने कार्यलाई प्रभावकारी बनाउन नगरपालिकाबाट सूचना प्रवाह गर्ने र आवश्यक सामग्री उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६ :** नेपलागंज उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सेवा लिन आउने असक्त,जेष्ठ नागरिक र अपाङ्गता भएका सेवाग्रही हरुलाई सेवा लिन सहजताको लागि चालु आ.व. देखिनै अपाङ्गता मैत्री कार्यालय भवन बनाउने निर्णय गरियो ।



Scanned with CamScanner